संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - २०६५ पुस १४

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा रामहरि श्रेष्ठको हत्यामा जवाफदेहीता सुनिश्चित गर्न गृहमन्त्रीलाई आग्रह

चितवन जिल्लामा भएको रामहरि श्रेष्ठलाई बेपत्ता पार्ने कार्य र उनको हत्याका सम्बन्धमा पाँचजनालाई अभियोग लगाइएको छ महिनापछि एकजनालाई मात्र पक्राउ गरिएकोमा उच्चायुक्तको कार्यालय–नेपाल अत्यन्त चिन्तित रहेको कुरा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले सोमबार गृहमन्त्री वामदेव गौतमसँगको एक बैठकमा बताउनुभयो। अभियोग लगाइएका अन्य केही चितवनको शक्तिखोरस्थित माओवादी सेनाको शिविरभित्र रहेको विश्वास गरिन्छ।

चितवन जिल्ला प्रहरी कार्यालयले माओवादी सेनाको तेस्रो डिभिजनका कमान्डर कालीबहादुर खाम (‘विविध’)सँग अन्तर्वार्ता लिन तेस्रो डिभिजनलाई पठाएका दुईवटा पत्रको कुनै जवाफ दिइएको छैन। साथै, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (नेकपा (माओवादी))को नेतृत्वले जिम्मेवारहरूविरुद्ध कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेको भए पनि अनुसन्धान गर्न तथा अभियोग लागेकाहरूलाई पक्रन स्थानीय नेताहरूले चितवन प्रहरीलाई सहयोग गर्न अझै बाँकी रहेको देखिन्छ।

प्रतिनिधि बेनेटले साउन १ गते सरकारसमक्ष पेस गरिएको छानबिन समितिको प्रतिवेदन सार्वजनिक गर्न तथा प्रहरी र अभियोजकहरूलाई आफ्ना अनुसन्धान पूरा गर्नलाई सो प्रतिवेदन उपलब्ध गराउन पनि सिफारिस गर्नुभयो।

उहाँले राष्ट्रिय मानवअधिकार आयोग (आयोग)द्वारा सरकारसमक्ष गरिएका सिफारिसहरू कार्यान्वयन नभएकोमा चिन्ता पनि व्यक्त गर्नुभयो। प्रत्युत्तरमा मन्त्रीले आयोगका अनुरोधहरूमा काम गर्न आफूले सुरु गरेको बताउनुभयो।

> "प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दण्डहीनता अन्त्य गर्ने तथा सबै मानवअधिकारको सम्मान गर्ने भनी सबैभन्दा पछिल्लोपटक मङ्सिर २५ (डिसेम्बर १०) गते मानवअधिकार दिवसका दिनसमेत गरी पटकपटक व्यक्त गर्नुभएको आफ्नो सरकारको प्रतिबद्धतालाई मेरो कार्यालयले ध्यानमा लिएको छ। रामहरि श्रेष्ठलाई यातना दिई हत्या गर्नेहरूलाई जवाफदेही बनाउने कुराले सरकार त्यो प्रतिबद्धता पूरा गर्न चाहन्छ भन्ने स्वागतयोग्य सङ्केत गर्नेछ," उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**